# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, वैशाख २३ गते २०५४ साल (संख्या ४

## भाग ३

श्री ५ को सरकार

### जलस्रोत मन्त्रालयको सूचना

नेपाल विद्युत प्राधिकरण अन्तर्गत काठमाडौं र भक्तपुर जिल्लामा संचालित काठमाडौं उच्च भोल्टेज सुदृढीकरण आयोजनाबाट भक्तपुर, चपली र स्यूचाटार टेकु १३२ के. भी. प्रसारण लाईनको निर्माण कार्यको सन्दर्भमा क्षतिपूर्ति निर्धारण गर्न विद्युत नियमावली, २०५० को नियम ८८ अनुसार गठित क्षतिपूर्ति निर्धारण समितिमा श्री ५ को सरकारले देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू तोकेको छ ।

क) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी – अध्यक्ष

ख) नेपाल विद्युत प्राधिकरणका सम्बन्धित योजनाका योजना प्रमुख – सदस्य

ग) विद्युत विकास केन्द्रका उपमहानिर्देशक, श्री विदुरबहादुर कार्की – सदस्य

आज्ञाले,

डा. द्वारिकानाथ ढुङ्गेल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।